# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, चैत २२ गते २०३३ साल [ संख्या ५०


श्री ५ को सरकार

## शिक्षा मन्त्रालयको

## सूचना

### शिक्षा (तेस्रो संशोधन) नियमावली, २०३३

शिक्षा नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शिक्षा (तेस्रो संशोधन) नियमावली, २०३३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. शिक्षा नियमावली २०२८ को नियम २८ मा संशोधनः शिक्षा नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २८ को,

(१) उप-नियम (२) मा रहेको "दफा १७ को" भन्ने शब्द र अङ्कको सट्टा "दफा १७ को उप-दफा (२) को" भन्ने वाक्यांश राखिएको छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–नियम (२) पछि देहायको उप–नियम (२क) थपिएको छः–

"(२क) ऐनको दफा १७क. को प्रयोजनको लागि तोकिएको अधिकारीमा जिल्ला शिक्षा अधिकारीलाई तोकिएको छ ।

(३) उप–नियम (३) मा रहेको "दफा १८ को" भन्ने शब्द र अङ्कको सट्टा "दफा १८ को उप–दफा (२) को" भन्ने वाक्यांश र "दफा १७" भन्ने शब्द र अङ्कको सट्टा "दफा १७ को उप–दफा (२)" भन्ने वाक्यांश राखिएको छ।

३. मूल नियमावलीको नियम ३९ मा संशोधन: मूल नियमावलीको नियम ३९ को उप–नियम (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः–

"(च) असाधारण बिदा एक पटकमा एक वर्षमा नबढाई र नोकरीको तमाम अवधिमा तीन वर्षमा नबढाई ।

तर असाधारण बिदा बिरामी परेको अवस्थामा बाहेक घटीमा तीन वर्ष स्थायी सेवा अवधि नपुगेका शिक्षक वा कर्मचारीले पाउन सक्नेछैन ।"

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।